# कुखुराको दाना उत्पादन गर्ने उद्योग

परिचय

कुखुराको फुल तथा मासुको खपत बढ्दै गएबाट काठमाडौं उपत्यका तथा अन्य शहरी भागमा कुखुरा पालनको लोकप्रियता बढ्दै गएको छ । यसको फलस्वरुप देशमा केही ठूला उत्पादन गर्ने उद्योगहरु स्थापना भइरहेको छन् । स्वदेशमा नै दाना उत्पादन भए पनि विदेशबाट पनि दाना आयात भइरहेको छ । काठमाडौंमा उत्पादित  दाना उपत्यका बाहिर लैजांदा बढी ढुवानी खर्च लाग्ने भएको हुंदा अरु शहरी क्षेत्रहरुमा दाना पुर्‍याउन सकिएको छैन । स्वदेशमा नै उत्पादित कुखुराको दाना सुलभ तरीकाले अधिराज्यको अन्य भागमा उपलब्ध गराउनको लागि यो स्कीम तयार गरिएको छ ।

यस स्किमले कुखुराको दाना उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजेको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन् ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र  सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ ।  यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ  ।

## उत्पादन प्रकृया

कुखुराको दाना उत्पादनका प्रमूख प्रकृयाको वर्णन यस प्रकारको छः

### संकलन

दानाको लागि आवश्यक कच्चा पदार्थहरु बजारबाट संकलन गर्ने ।

### पिस्ने

च्चा पदार्थहरुलाई आवश्कता अनुसारको साइजमा ग्राइण्डरमा राखी पिस्ने कार्य गर्ने ।

### मिसाउने (मिश्रण गर्ने)

विभिन्न साइजमा भएका कच्चा पदार्थहरुलाई आवश्यकता अनुसारको अनुपातमा मिसाउने ।

### छान्ने

मिश्रण गरी सकेपछि छान्ने जालीले छान्ने र विभिन्न साइजमा भएकाहरुलाई एकै साइजमा ल्याउने कार्य गर्ने ।

### प्याकिङ्ग

यसरी तयार भएको कुखुराको दाना बोरामा प्याक गर्ने साइज अनुसारको टंयाग लगाउने ,

## उत्पादन प्रकृया प्रवाह






वातावरणीय पक्ष

प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | दानाको धुलो, बिग्रेका जुटका वोराहरु |
| २ | तरल खेर पदार्थ | केहि पनि हुदैन |
| ३ | ध्वनी प्रदुषण | मेशिनबाट निस्कने ध्वनी |
| ४ | वायु प्रदुषण | दानाको  धुलो |

रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | दानाको धुलो र साना साना दानाको टुक्राहरु लाई संकलन गरि पिठौ बनाउने प्रयोजनमा ल्याउन सकिन्छ । |
| २ | तरल खेर पदार्थ | छैन |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्नु पर्छ ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्न सकिन्छ ।<br>➢ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइने छ  जसले  गर्दा कम आवाज निस्कन्छ ।<br>➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गर्नू पर्छ ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्छ । |
| ४ | वायु प्रदुषण | उत्पादन कक्षमा  एक्जष्ट फ्यान आदीको ब्यबस्थाले गर्दा प्रदुषीत बायु बाहिर जाने हुनाले वायु प्रदुषण न्यून हुन्छ । |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथहरु, बिग्रेका जुटका वोराहरु हुन् । बिग्रेका वोराहरु किन्न आउनेलाई बेच्न सकिन्छ । उद्योगमा सरसफाइ राख्न निम्न कार्यहरु गर्नु पर्छ ।

- कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ ।
- Good House Keeping Practice अपनाउनु पर्छ ।
- सकेसम्म कपडाका टुक्राका धुलोहरु तथा कागजका टुकटुकाहरुलाई भुईंमा छरिनबाट रोक्नु पर्छ ।

कामदारहरुको स्वास्थ्य र सुरक्षा कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि समय समयमा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

## ध्वनी प्रदुषणः

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नुपर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन्न कम हुन्छ । मेसिनमा ग्रीज लुव्रिकेन्टहरु लगाइन्छ जसले गर्दा आवाज कम निस्कन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को ब्यबस्था गर्नु पर्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

## ट्रेनिङ्गः

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ ।

## अग्नी तथा विधुतिय आकस्मिक घटनाः

यस उद्योगमा वढी आगलागीको सम्भावना नभएता पनि अग्नी नियन्त्रण गर्न अग्नि निवारक सिलिण्डर तथा पानीको जर्गेना कारखानामा राख्नेकार्यमा प्राथमिकता दिनु पर्छ । विद्युतिय तार जडानमा विषेश होसियारी अपनाउनु पर्छ ।